# पालुङटार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
पालुङटार, गोरखा
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या:- ०८२/०८३
चलानी नम्बर :

मिति : २०८२/०८/२२
ने.सं. : ११४६ थिलागा चतुर्थी सोमवार

विषय :- रिक्त पदमा स्थायी शिक्षक सरुवासम्बन्धी सूचना ।

गोरखा जिल्ला पालुङटार नगरपालिका वडा नं. ८ अन्तर्गत श्री कालिका प्राथमिक विद्यालयमा रिक्त रहेको प्राथमिक तह, तृतीय श्रेणीको शिक्षक पदमा सरुवा प्रक्रिया अगाडि बढाइदिन भनी विद्यालयको च.न. २६ मिति २०८२/०८/२२ को पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित तह र श्रेणीका योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवासम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

पुनश्च:

१. तोकिएको म्याद भित्र विद्यालयको इमेल ठेगाना kalika2046@gmail.com मार्फत समेत निवेदन पेस गर्न सकिनेछ।

२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारबाही हुने छैन।

२०८२/०८/२२

मनोज नेपाली सिर्मल
उपसचिव

मनोज नेपाली सिर्मल
उप-सचिव

बोधार्थ:

श्री शिक्षा विकास तथा समन्वय इकाइ, गोरखा : तहाँ कार्यालयको वेभसाइटमा प्रकाशित गरिदिनु हुन।

श्री सूचना तथा प्रविधि शाखा, पालुङटार नगरपालिका, गोरखा : नगरपालिकाको वेभसाइटमा सूचना प्रकाशित गरिदिनुहुन।

श्री कालिका प्राथमिक विद्यालय, पालुङटार-८, गोरखा।



Scanned with CamScanner